कृषि स्वास्थ्य शिक्षा र गुणस्तरीय पूर्वाधार: समृद्ध छबिसपाथिभेरा निर्माणको आधार

# छविसपाथिभेरा गाउँपालिका
## १६ औँ अधिवेशन
## वार्षिक नीति तथा कार्यक्रम
## (आर्थिक वर्ष २०८२/०८३)

छबिसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

**आदरणीय गाउँसभाका सभा अध्यक्ष ज्यू तथा सभासदज्यूहरु,**

यस छविसपाथिभेरा गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनका सभा अध्यक्षज्यू, सचिव ज्यू गाउँसभाका सभासदज्यूहरु, राष्ट्रसेवक कर्मचारी,शिक्षक एवंम छविसबासी, पत्रकार, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यू एवम यस हलमा उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरुमा छविसपाथिभेरा गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछुँ। सर्वप्रथम नेपाल राष्ट्रको रक्षा , संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवंम मुलुकको सर्वाङगीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलन, राजनीतिक क्रान्ति, जनयुद्ध, एवंम विभिन्न जनआन्दोलनमा आफ्नो अमूल्य जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।विभिन्न राजनीतिक आन्दोलनका क्रममा वेपत्ता नागरिक,घाइते योद्धाहरुप्रति उच्च सम्मानका साथै नेपाली समाजको सकारात्मक रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेका नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त अनुरुप कार्य गर्ने यस सभामा प्रतिबद्धता जनाउन चाहान्छु।

आर्थिक समृद्धि मार्फत गरीबी निवारण गरि समाजमा सुशासन,अमनचयन कायम गराउनमा हामी प्रतिबद्ध भई सो अनुरुपको नीति तथा कार्यक्रमका लागि हामी प्रतिबद्ध छौ।

नेपालको संविधान, अन्तराष्ट्रिय प्रतिबद्धता , दिगो विकासका लक्ष्य, सोह्रौ आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति कार्यक्रम, विगतको अनुभव र राम्रा अभ्यासका आधारमा यो नीति तथा कार्यक्रम तयार पारिएको छ।

**आदरणीय सभाअध्यक्ष ज्यू तथा सभासद ज्यूहरु**

अब म गाउँपालिकाको नीति तथा कार्यक्रमका नीतिगत आधार एवंम उदेश्यहरु प्रस्तुत गर्न चाहान्छु।

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका नीतिगत आधारहरुः**

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र नियमावली,२०७७
- संघ, प्रदेश र स्थानीय तह विचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङिगक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७

- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८(परिमार्जित)
- स्थानीय तहको आवधिक योजना
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति,ऐन, कानुन, कार्यविधि तथा मापदण्डहरु
- सोह्रौ योजनाले निर्दिष्ट गरेका लक्ष्य एवंम उदेश्यहरु
- दिगो विकास लक्ष्यहरु
- स्थानीय सरकारले जनता समक्ष गरेका प्रतिबद्धताबाट सिर्जित दायित्व
- गाउँपालिकाको आन्तरीक स्रोत साधन तथा यसको संम्भाब्यता

**यस नीति तथा कार्यक्रमका मूलभुत उदेश्यहरु देहाय बमोजिम रहेका छन ।**

- गुणस्तरीय पूर्वाधार निर्माण, रोजगार अभिवृद्धि, समावेशी आर्थिक वृद्वि तथा गरीबी निवारण गर्दै छविसपाथिभेरा गाउँपालिकाको समृद्धिको आधार निर्माण गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सन्तुलित वातावरण र जवाफदेही सार्वजनिक सेवाको अनूभुति गराइनेछ ।
- छविसपाथिभेरा गाउँपालिकाको सामाजिक–आर्थिक रुपान्तरण गरि समकक्षी समक्ष आफूलाई उदाहरणीय पालिकाको रुपमा स्थापित गर्ने मार्गमा अग्रसर गरिनेछ ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू तथा सदस्यज्यूहरु,**

**अब,म विगतलाई स्मरण गर्दै चालु आ.व.को हालसम्मका क्षेत्रगत प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

क. **पुर्वाधार विकास**

यस पूर्वाधार विकास अन्तर्गत चालु आ व मा कुल बजेट रु ८ करोड २९ लाख ४० हजार विनियोजन गरिएको थियो । जस्मा तपशिल बमोजिमका शिर्षक अन्तर्गतका योजनाहरुमा बजेट विनियोजन भई भौतिक उपलब्धी हासिल भएको छ ।

१. गाउँपालिकाभरिमा खानेपानी निर्माण तथा मर्मत र ढल निकास तर्फ जम्मा ३३ वटा योजनाहरु सम्पन्न भएका छन् ।

२. सिँचाई कुलो तथा सिंचाई पोखरीहरुको निर्माणतर्फ २३ योजनाहरुको निर्माण कार्य सम्पन्न भएको छ ।

३. गाउँपालिकाका विभिन्न वडाहरुमा अवस्थित १७ वटा मन्दिरहरुको निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।

४. गाउँपालिकाको विभिन्न वस्तीसम्मको यातायातको पहुँच विस्तारका लागि ३ वटा सडकको निर्माण योजनाको कार्य सम्पन्न भएको छ र गाउँपालिका भित्रका सबै शाखा सडकहरुको स्तरन्नोति गरिएको छ ।

५. गाउँपालिकाको विभिन्न वस्तीसम्मको यातायातको पहुँच विस्तारका लागि ३ वटा सडकको निर्माण योजनाको कार्य सम्पन्न भएको छ र गाउँपालिका भित्रका सबै शाखा सडकहरुको स्तरन्नोति गरिएको छ।

६. विद्युत विस्तारअन्तर्गत वडा नं ३, ५ र ६ मा राष्ट्रिय विद्युत प्रसारण लाईनको पहुँच विस्तार गर्ने काम भईरहेको छ।

७. भूक्षयीकरण नियन्त्रणका लागि २ वटा तटबन्धन निर्माणका योजनाहरु सम्पन्न भएका छन्

८. विभिन्न बस्तीमा ३३ वटा PCC (पिसिसि) बाटो तथा पदमार्ग निर्माण सम्पन्न भएको छ

९. ७ वटा भवनहरु निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ।

१०. फिल्ड निर्माण तथा घेरवार अन्तर्गत १४ वटा योजनाहरु सम्पन्न भएका छन।

११. अन्य सार्वजनिक स्थल निर्माण अन्तर्गत २९ वटा आयोजनाहरु सम्पन्न हुनुका साथै सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १० वटा घर निर्माण कार्य सम्पन्न भएका छन।

**ख. सामाजिक विकास**

यस सामाजिक विकास अन्तर्गत कुल बजेट रु २७ करोड २० लाख ६३ हजार ६ सय ४३ रकम विनियोजन गरिएको थियो।

शिक्षा युवा तथा खेलकुद शाखाबाट सम्पादन गरिएका कार्यहरु

१.आधारभूत तह (कक्षा ८ र कक्षा ५ ) को अन्तिम परीक्षा पालिकास्तरमाव्यवस्थित र मर्यादित रुपमा संञ्चालन गरी प्रमाणीकरण गर्ने कार्य गरिएकोछ।

२. यस गाउँपालिका अन्तर्गत संचालनमा रहेको श्री जनप्रिय माध्यमिक विद्यालय, बगडगाउँमा नमूना विद्यालयको स्वीकृत गुरुयोजनाअनुसारकानिर्माण कार्यहरु नियमित सञ्चालनमा रहेका छन्।

३. मासिक, त्रैमासिक रुपमा जनप्रतिनिधिहरु र शिक्षा युवा तथा खेलकुदशाखाका कर्मचारीहरु सम्मिलित भई विद्यालय अनुगमन तथा सुपरीवेक्षणका कार्यहरु भएका छन्।

४. गाउँपालिका भरिका विद्यालयहरु एकरुपताका साथ संञ्चालन तथाव्यवस्थापनका लागि शैक्षिक पात्रो २०८२ निर्माण गरी प्रत्येक विद्यालय र शिक्षकको हातहातमा उपलब्ध हुने गरी वितरण गरिएको छ।

५. सामुदायिक विद्यालयमा अध्ययनरत (कक्षा१-८) सम्पूर्ण छात्राहरु, दलित समुदायका विद्यार्थीहरु, अपाङ्गता भएका विद्यार्थीहरु, विशेष कक्षाका विद्यार्थीहरु र असहाय बालबालिका हरुलाई छात्रवृत्ति वितरणका कार्य सम्पन्न गरिएको छ।

६. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता नियमित रुपमा सञ्चालन तथा तथा ब्यवस्थापन कार्य सुसम्पन्न गरिएको छ।

७. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरणको व्यवस्था गरिएको छ।

८. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन प्रक्रियालाई नियमित गरिएको छ

९. "निःशुल्क, समानतामूलक, प्रविधिमैत्री एवम् गुणस्तरीय शिक्षा; सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा "दुरदृष्टिका साथ दश वर्षे गाउँशिक्षा योजना निर्माण गरिएको छ।

१०. आधारभूत तह कक्षा (१-८) स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८१ देखि नै कार्यान्वयनमा ल्याइएको छ।

११. गाउँ शिक्षा ऐन २०८० अनुसार विद्यालयमा रिक्त दरबन्दिमा करार शिक्षक नियुक्तिको प्रक्रिया पारदर्शी र निश्पक्ष रुपमा संचालन गरिएको।

१२. विद्यालय पोषण सप्ताह तथा सेनेटरी प्याडको प्रयोग तथा ब्यवस्थापन सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ।

१३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आधारभूत तहका विद्यार्थिहरुका लागि विद्यालयहरुमा अतिरिक्त कक्षा संचालनमा सहजीकरण गरिएको छ।

१४. IDS नेपाल संगको सहकार्यमा विद्यालयहरुमा भान्छाघर निर्माण कार्य क्रमिक रुपमा भैरहेको छ।

१५. आधारभूत तह (कक्षा ६-८) का विद्यार्थीहरुका लागी गाउँपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन तथा ब्यवस्थापन गरिएको छ।

१६. संघीय सरकारबाट हस्तान्तरित शिक्षा क्षेत्रका कार्यक्रमहरु कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पारदर्शी रुपमा कार्यान्वयन गर्ने गरिएको छ।

१७. प्रविधि मैत्रि विद्यालय निर्माणका लागी विद्यालयहरुमा इन्टरनेट जडान कार्यलाई निरन्तरता दिइएको।

१८. प्राथमिक तहका विद्यार्थीहरु सहभागी हुने गरी प्रत्येक वडामा वडास्तरीय र गाउँपालिकास्तरीय हाजिरीजवाफ प्रतियोगिता संचालन तथा ब्यवस्थापन गरिएको छ।

स्वास्थ्य शाखाबाट सम्पादन गरिएका कार्यहरु

- गाँउपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाबाट नियमित रुपमा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- गाँउपालिका अन्तर्गत रहेको ८ वटै स्वास्थ्य संस्थाबाट बर्षको २ पटक ग्रामिण अल्ट्रासाउण्ड शिबिर संचालन गरि ११७ जना गर्भवती महिलाहरुको भिडियो एक्सरे गरेको थियो जसमा ५ जना गम्भिर अवस्थाका गर्भवति महिलाहरुलाई रिफर गरेको थियो ।
- गाँउपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीमा प्रजनन् उमेर समुहका महिलाहरुका लागि पाठेघरको क्यान्सर,पाठेघर खसेको पता लगाउनको लागि स्किन शिबिर संचालन भएको।
- गाँउपालिका अन्तर्गत रहेका कडेल स्वास्थ्य चौकी र कोटचौधानपाटा स्वास्य चौकीमा १० हप्ता सम्मको औषधी द्धारा गरिने सुरक्षित गर्भपतन (Medical Abortion) स्वास्थ्य संस्था सुचिकृत गरि सेवा बिस्तार गरिएको छ।

- स्वास्थ्यकर्मीहरुका लागि क्षमता अभिबृदि गरिने बिभिन्न किसिमका तालिम तथा गोष्ठीहरु संचालन गरेको ।
- आर्थिक बर्ष २०८१।०८२ मा गाँउपालिका अन्तर्गत स्वास्थ्य चौकीमा कार्यरत ६ जना स्वास्थ्यकर्मीहरु लाई इम्प्लान्ट सम्बन्धि ८ दिने तालिम संचालन गरि गाँउपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य चौकीमा इम्प्लान्ट सेवा बिस्तार गरिएको छ ।
- मिति २०८१।१०।२२ देखि मिति २०८१।१०।२६ गते सम्म गाँउपालिका अन्तर्गतका २३ वटा खोपकेन्द्रहरुबाट ७३७ जना कक्षा ६ देखि १० कक्षा सम्म अध्ययनरत छात्राहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको HPV खोप लगाइएको थियो ।
- बिद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाइ अर्धबार्षिक र बार्षिक रुपमा जुकाको औषधि बितरण गरिएको र किसोरीहरुलाइ आइरन तथा फोलिक एसिड बितरण र स्वास्थ्य परिक्षण कार्य संचालन गरेको ।
- गाँउपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाबाट मासिक रुपमा संचालन हुदै आएको अध्यक्ष जेष्ठ नागरिक स्वास्थ्य चेकजाँचबाट २७५० जनालाइ चेकजाँच ,औषधी बितरण तथा परामर्श गरिएको छ ।
- ८ पटक गर्भ जाँच गराए बाफत प्रोत्साहन स्वरुप प्रदान गर्दै आएको अण्डा बितरण कार्यक्रमबाट १६५ जना गर्भवति महिलाहरुले उक्त सेवा पाएका छन् ।
- गाँउपालिका अन्तर्गत रहेका रिफर गर्नु पर्ने १४ जना गर्भवति महिलाहरु लाई सुत्केरी सेवाको लागि निशुल्क एम्बुलेन्स सेवा पाएका छन् भने रिफर गर्नु पर्ने २६ जना अन्य बिरामीहरुले बिभिन्न ठाँउमा उपचारका लागि एम्बुलेन्स सेवा लिएका छन् ।
- गाँउपालिका अन्तर्गत रहेका क्यान्सर,मृगौला डाइलोसिस,मृगौला प्रत्यारोपण र पक्षघात भएका १४ जना दिर्घरोगीहरुलाई मासिक ५००० निर्वाहा भत्ता उपलब्ध गराइएको छ ।
- गाँउपालिका अन्तर्गतका रहेका ८ जना आथिक रुपमा बिपन्न नागरिकहरुलाई बिभिन्न रोगहरुको उपचारको लागि बिभिन्न अस्पतालमा आर्थिक रुपमा बिपन्न आर्थिक सहायताको लागि सिफारिस गरिएको छ भने ३ जनालाई सामाजिक बिकास मन्त्रालय धनगढीमा सिफारिस गरि पठाइएको छ ।
- वडा पालिका हुदै गाउँपालिकालाई पुर्ण खोप दिगोपना तथा सुनिश्चितता गरिएको छ ।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट सम्पादन गरिएका कार्यहरु

- महिलाहरुको हरितालिका तिज विषेश कार्यक्रम सम्पन्न गरियो जस्मा २५ जना पूरुष १० जना दलित र १०६ जना महिला सहभागी थिए ।
- ६० बर्ष माथिका ५६ जना जेष्ठ नागरिकलाई कम्बल वितरण गरियो ।

- ❖ १६ दिने लैङ्गिक हिंसा विरुद्ध कार्यक्रममा २८३ जना सहभागी भई कार्यक्रम सम्पन्न गरियो।
- ❖ बाल विवाह न्यूनिकरण सम्बन्धि सचेतनामुलक कार्यक्रम सबै मा वि विधालयमा संञ्चालन गरि ८८२ जना किशोर किशोरी सहभागी भएका थिए।
- ❖ निर्वाचित जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संञ्चालन गरियो।
- ❖ एकल दलित हिंसा पिडित अपाङगता भएका लक्षित महिलाहरुको लागि जिविकोपार्जन कार्यक्रममा ५५ जना महिला लाभान्वित भएका थिए।
- ❖ १७ जना टुहुरा बालबालिकालाई बार्षिक ६०००का दरले सामाजिक सुरक्षा भत्ता वितरण गरियो

**ग. आर्थिक विकास**

यस आर्थिक विकास अन्तर्गत कुल बजेट रु ३ करोड ३३ लाख १५ हजार रकम विनियोजन गरिएको थियो। जस अन्तर्गत तपशिलका उपलब्धीहरु हासिल भएका छन।

१. गाउँपालिकाभरिका विभिन्न क्षेत्रको हावापानी प्राविधिक सम्भाव्यताको अध्ययन अवलोकन गरी फलफूल खेतीको सम्भावनार्थ ५०% अनुदानमा हिउदे तथा बर्षे फलफूलका बोटविरुवा वितरण गरी ८० जना कृषकहरु लाभान्वित भएका छन् ।

२. कृषिमा अनुदान कार्यक्रमअन्तर्गत १७.५ टन रासायनिक मल ढुवानीमा सहयोग गरी २०७ जना कृषक लाभान्वित भएका छन।

३. कृषकको क्षमता विकासका लागि पटक पटक समूह छलफल,अनुगमन तथा मूल्याङ्कन गरी सफल कृषकहरुलाई तरकारी तथा फलफूल उत्पादनसम्बन्धी क्षमता विकास तालिमहरु संचालन गरिएको।

४. गाउँपालिकाभित्रका १०५ जना एकल तथा विपन्न महिलाहरुलाई ७५% अनुदानमा ३० घरधुरीलाई ८० वटा मौरी घार वितरण गरियो

५. गाउँपालिकाभरी बेमौसमी तरकारी खेती गर्न प्लाष्टिक टर्नेल, थोपा सिचाइ लागयतका कृषि सामग्री वितरण गरी २० वटा प्लाष्टिक घर निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ।

६. आलु बालीको पकेट निरन्तरता कार्यक्रम संञ्चालन गरी ५३ क्विन्टल आलु बिउ वितरण गरियो

७. बिभिन्न बालीनालीमा देखा परेका रोग तथा किराहरुको प्रकोप नियन्त्रण गर्न बिभिन्न जैबिक तथा रासायनिक बिषादीहरु प्रयोग गरी सेवा उपलब्ध गराएको छ।

८. यसै चालु आ.व.मा ९९७ मिटर सिँचाइ कुलो तथा पोखरी निर्माण गरी ८४७ रोपनी जग्गा सिचित भई ४२० घरधुरीलाई सिँचाइको सुबिधा पुऱ्याइएको छ।

९. ५० प्रतिशत अनुदानमा गोला सहितको ६६ वटा मौरीघार वितरण गरी कृषकहरुलाई मह उत्पादन गरी जिविकोपार्जनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

१०. यस गाउँपालिका भित्रका कृषि उपज तथा उत्पादनलाई निर्यातमा सहजता ल्याउनका लागि कृषि एम्बुलेन्स खरिद गरि सञ्चालनमा ल्याइएको छ।

११. यस चालु आ. व. सम्म जम्मा २०१७ कृषक घरधुरी किसान सूचीकरण प्रणालीमा सूचिकृत भएका छन्

१२. पशुहरुमा लाग्ने बिभिन्न किसिमका रोगहरुको रोकथाम गर्नका लागि करिव ९००० पशुपन्छीलाई औषधी उपचार गरिएको छ ।

१३. ५०० डोज रेबिज बिरुद्धको खोप प्रदान गरिएको छ ।

१४. ७०० डोज PPR खोप बाट भ्याक्सिनेशन गरिएको छ ।

१५. ३००० डोज लम्पि स्किन विरुद्व खोप भ्याक्सिनेशन गरिएको छ ।

**घ.वन,वातावरण तथा विपद् व्यवस्थापन**

यस वन,वातावरण तथा विपद व्यबस्थापन अन्तर्गत कुल बजेट रु २० लाख विनियोजन गरिएको थियो ।

१.बिभिन्न बिपद् मा परेका बाढीपहिरो ४६ जना,आगलागी ८ जना गरी जम्मा ५४ जनालाइ जनालाइ आर्थिक राहत बितरण गरेको ।

२.बिपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०८१ निर्माण गरिएको छ ।

३.मिति २०७९ र २०८० सालमा गएको भुकम्पबाट क्षति भएका ४९४ लाभग्राहीहरुको निजि आवासको बिस्तृत क्षति आकलन (DDA) गरिएको छ ।

**३ सुशासन तथा संस्थागत विकास**

यस सुशासन तथन संस्थागत विकास अन्तर्गत कुल बजेट रु ८३ लाख ४४ हजार रकम विनियोजन गरिएको थियो ।

१. सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अबलम्बन गरी शीघ्र तथा प्रभावकारी सेवा व्यवस्थापन गरिएको छ ।

२. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि शुसासन सम्बन्धि क्षमता विकास तालिम तथा गोष्ठी संञ्चालन गरिएका छन् ।

३. गाउँपालिकाले ४ वटा कार्यविधि, २ वटा ऐनहरु तयार गरी कार्यान्वयनमा ल्याएको छ।

४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना निर्माण गरी जनशक्ति व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगमा माग गर्नुका साथै कार्य विवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ।

५. पालिकाको समग्र आर्थिक कारोबार विद्युतीय भुक्तानी प्रणाली (EFT)मार्फत् हुने गरेकोले आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम भई सेवाग्राहीलाई सेवा प्राप्तिमा सहजता भएको छ ।

६. गाउँपालिकाले स्थानीय संचितकोष व्यवस्थापन प्रणाली अन्तर्गत राजश्व मोडुल कार्यान्वयनलाई निरन्तरता दिइएको छ ।

७. नागरिकलाई गाउँपालिकाबाट प्रवाह हुने सेवा सम्न्धी सुसुचित गर्नका लागि डिजिटल नागरिक बडापत्र स्थापना गरिएको छ ।

**कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजनाबाट सम्पादित कार्यहरु**

१. बागबानी सहयोग अन्तरगत ४५ जनालाई बिउ सहयोग २३ जनालाई च्याउँ बिउ सहयोग

२. पशु खरिद तथा ढुवानी अन्तर्गत ८४ जनालाई माउ बाख्रा वितरण र १३ जनालाई बिउ बोका वितरण र ३१ जना किसानलाई सुधारिएको खोर निमार्ण सहयोग

३. पशु स्वास्थ्य शिविरमा १७० घरपरिवार लाभान्वित जस्मा बाख्रा – ३१४४ , कुकुर – २५ , गाईगोरु – ६१४, सुगुर २५ भैसी १५१ र कुखुरा ३० वटाको उपचार

४. तराजु सहयोग १० जनालाई, टनेल ३२ जनालाई, मल्चिङग प्लाष्टिक ११ जना र क्यारेट १२६ जनालाई सहयोग

५. समुह गठन २३ वटा र बैठकहरु १६ वटा (वडा, गाउँपालिका,प्रदेश)

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू तथा सभा सदस्य ज्यूहरु,**

अब,म आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

- ❖ नेपालले विकासशील राष्ट्रमा स्तरोन्नती हुने राष्ट्रिय लक्ष्य हासिल गर्नमा टेवा पुर्याउने गरी गाउँपालिकाका विकास आयोजनामा क्षेत्रगतरुपमा बजेट विनियोजन गरिनेछ ।क्षेत्रगत रुपमा बजेट तर्जुमा तथा व्यवस्थापन गरी सन्तुलन कायम गरिनेछ।
- ❖ हाल संञ्चालनमा रहेका बहुबर्षिय क्रमागत र अधुरा आयोजनाहरु सम्पन्न गर्न प्रदेश र संघीय सरकारसंग समन्वय गर्दै स्थानीय सरकारले बजेट विनियोजनमा प्राथमिकता दिइनेछ।
- ❖ दिगो अर्थतन्त्र निर्माणका लागि आर्थिक विकास र गरीबी निवारणमा योगदान पुर्याउने उदेश्यले कृषि व्यवसाय, पूर्वाधार कार्यक्रम संञ्चालन गरिनेछ।
- ❖ गाउँपालिकालाई समृद्ध बनाउन निजी क्षेत्र, सरकारी गैरसरकारी संस्था तथा सबै क्षेत्रको लगानी भित्र्याउन लगानीमैत्री वातावरण सिर्जना गरी साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- ❖ अर्थतन्त्रमा देखा परेका चुनौतीहरुलाई सामना गर्न गाउँपालिकाको पूँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै चालु खर्च तर्फ बढदो चापलाई न्यूनीकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गरीने नीतिलाई निरन्तरता दिइनेछ।

**आदरणीय सभासद ज्यूहरु**

अब म सामाजिक विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

**१. सामाजिकविकास**

सामाजिक विकास चेतना, शिक्षा समावेशि विकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आवश्यक कुरा भएको महशुस गरी उक्त क्षेत्रको विकासका लागि एथोचित वजेट विनियोजन गरी निम्नानुसारका नीतिहरुलाई प्राथमिकता दिइने गरिएको छ।

**क. शिक्षा युवा तथा खेलकुद**

**निशुल्क, समानतामूलक, प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षाः सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा"** भन्ने दूरदृष्टिका साथ निम्नानुसारका नीतिहरु अवलम्बन गरिनेछ :

१. प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षा प्रवर्द्धनका नविन प्रविधिको प्रयोग गर्न तथा शिक्षालाई प्रविधिसग जोड्न विद्यालयहरुमा इन्टरनेट जडानका लागि पहल गरिनेछ।

२. प्रारम्भिकबालकक्षामा अध्ययनरत बालबालिकाहरुको शारीरिक,मानसिक,बौद्धिक विकासलाई मध्यनजर गरी विद्यालयहरुमा सुरक्षित बसाई ब्यवस्थापन,शैक्षिक सामग्री व्यवस्थापन गर्नुका साथै अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरुसँग छलफलका कार्यक्रम संचालन गरिनेछ।

३. विद्यालय क्षेत्रको समग्र सुधार तथा विकासका लागि यस गाउँपालिकाबाट स्वीकृत गाउँ शिक्षा योजना कार्यान्वयनमा प्राथमिकता दिइनेछ।

४. गाउँपालिका अन्तर्गत संञ्चालित विद्यालयहरुको नक्साङ्कन,शिक्षक विद्यार्थी अनुपात,तहगत संरचना, शैक्षिक गुणस्तर समेत अध्ययन गरी विद्यालय समायोजन, एकीकरण, कक्षा थप , घटुवा तथा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलानको कार्य गरिनेछ।

५. शिक्षक दरबन्दी कम भएका र शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्नका लागि स्वयंसेवक शिक्षकको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

६. **"स्वच्छ भोजन स्वस्थ जीवन"** भन्ने मान्यतालाई स्थापित गर्न दिवा खाजामा जङ्क फुडलाई निरुत्साहित गर्दै विद्यालयमा दिवा खाजाको स्वच्छता नियमन गर्नुका साथै स्थानीय उत्पादनको उपयोगमा जोड दिने र विद्यालय भान्साघर सुधारकालागि पहल गरिनेछ।

७. सामुदायिक विद्यालयमा कार्यरत शैक्षिक जनशक्तिलाई आफ्नो पेशाप्रति जिम्मेवार र उत्तरदायी बनाउन पुरस्कार र सचेत गराउने व्यवस्थालाई प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ।

८. शैक्षिक उपलब्धिका आधारमा उत्कृष्ठ विद्यालय उत्कृष्ठ शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गरी पुरस्कार तथा सम्मानको नीति अवलम्बन गरिने छ।

९. विद्यालयहरुले प्रयोगमा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एक आपासमा आदानप्रदान गर्न गराउन प्रोत्साहित गरिने छ।

१०. **"सुरक्षित विद्यालय सुरक्षित किशोरी कार्यक्रम"** मार्फत माध्यमिक विद्यालयस्तरका विद्यार्थीहरुका लागि किशोरी आत्मरक्षा कार्यक्रम संञ्चालन गरिने छ। साथै किशोरीहरुलाई निःशुल्क सेनेटरी प्याड विद्यालयमा नै उपलब्ध गराउने ब्यवस्था मिलाईनेछ।

११. **"सन्तुलित आहार शैक्षिक गुणस्तर अभिवृद्धिको आधार" भन्ने** आदर्श वाक्यका साथ विद्यालय पोषण कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गर्न संघसंस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

१२. नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको साझेदारीमा सञ्चालित दिवा खाजा कार्यक्रम र यसका पूरक कार्यक्रमहरु साझेदारी र समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१३. अध्ययनमा युवाहरुको रुचि जगाउन छबिसपाथिभेरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा सुविधासम्पन्न लाइब्रेरी, E-Library निर्माण गरी Free Wifi को समेत ब्यवस्था गरिनेछ।

१४. खेलकुदका माध्यमबाट विद्यार्थीको सर्बाङ्गीण विकासका लागि गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ् शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।

१५. विद्यालय स्तरीय खेलकुद तथा प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप अन्तर्गत विभिन्न प्रतियोगिताहरु संञ्चालन गरिनेछ।

१६. विद्यालयहरुमा विभिन्न खेलको अभ्यासका लागिं खेलकुदका सामग्रीहरु वितरण गर्ने नीति अवलम्बन गरिनेछ।

१७. विद्यालयहरु एकरुपताका साथ संचालन तथा ब्यवस्थापनका लागि शैक्षिक पात्रो निर्माण गर्ने नीतीलाई निरन्तरता दिइने छ।



दशरथ बहादुर चलाउने
अध्यक्ष

१८. स्थानीय पाठ्यक्रम कक्षा (१-८) कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउन सन्दर्भ सामाग्रीको निर्माण तथा संकलन गरी प्रत्येक विद्यालयमा उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ।

१९. कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा मर्यादित रुपमा पालिका स्तरमा संचालन गरी प्रमाणीकरण गर्ने कार्यलाई निरन्तरता दिनने छ।

**ख. संस्कृति**

१. गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्ने पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकलाजस्ता संकेत symbol हरु निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कलासाहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीतिलाई निरन्तरता दिईने छ।

३. **"हाम्रो कला सस्कृति हाम्रो पहिचान"** भन्ने नारा सहित पालिकाभित्र धार्मिक तथा प्रर्यटकीय स्थलहरुको संरक्षण सम्बर्द्धन गर्नुको साथै प्रचलित परम्परागत स्थानीय मेला,पर्व तथा उत्सवहरुको संरक्षण तथा प्रचारप्रसार गरी थप व्यवस्थित गर्ने नीति लाई निरन्तरता दिईने छ।

४. परम्परागत पोषक, पञ्चेबाजा र पुरातात्विक बस्तुको संरक्षण तथा सम्बद्धनको लागि आवश्यक नीति लिईनेछ

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. दलित तथा जनजाति समुदायको चौतर्फी विकासको लागि तिनीहरुको परम्परागत पेशा, सिप, कला, दक्षतालाई सुदृढीकरण गर्दै आधुनिकीकरण गर्नुको साथै मुक्त हलिया, भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेकोप्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरि रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा आवद्ध गरिने छ।

२. गाउँपालिका भित्र रहेका सामाजिक भेदभाव, छुवाछुत सामाजिक कुरिती,अन्धविश्वास, लैङ्गिक तथा जातिय विभेद र हिंसाका घटनाहरु न्यूनिकरणको बहस पैरवी तथा चेतनामूलक अभियान सम्बन्धि कार्यक्रम गाउँपालिका तथा वडास्तरमा समेत सञ्चालन गरिनेछ।

३. महिला, दलित तथा सम्पूर्ण लक्षित वर्गहरुको सशक्तीकरण तथा क्षमता विकास नीति कार्यान्वयन गरिने छ।

४. भिन्न क्षमता भएका व्यक्तिहरुलाई आवस्यक सहयोगी सामग्री प्रदान गर्ने साथै आयमुलक सिप प्रदान गरिनेछ।

५. महिला, दलित तथा पिछडिएका समुदायको न्यायमा पहुँचका लागि स्थानीय न्यायिक संरचनामा सुधार तथा सशक्तीकरणको नीति अवलम्बन गरिनेछ।

६. असहाय, बालबालिका तथा एकल महिलालाइ संरक्षण तथा आयमूलक कार्यक्रम संञ्चालन गरिनेछ

७. अपाङ्गता लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

८. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराई सघन रुपमा परिचालन गरिनेछ।

बहादुर चलाउने
अध्यक्ष

९. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसाविरुद्ध शून्यसहनशीलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

१०. गाउँपालिका तथावडा स्तरीय बालक्लब संञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

११. बालविवाह न्यूनिकरण तथा महिनावारी स्च्छता व्यवस्थापन सम्बन्धि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. विभिन्न समयमा जनयूद्ध जनआन्दोलनमा सहादत प्राप्त गर्नुहुने शहिद पारिवारलाई मासिक रु ३०००। प्रोत्सहान भत्ता दिने र घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई उपचार गर्न आर्थिक सहयोगको नितीलाई निरन्तरता दिइनेछ ।

१३. जेष्ठ नागरिकहरुको हकहित संरक्षण र सम्बर्द्धन तथा सहज सम्मानजनक जिवनयापनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न त्यस संम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन् ।

**घ. स्वास्थ्य**

१. स्वास्थ्य नागरिकहरुको अति संवेदनशील बिषय र मौलिक हक हो ।यसको सुनिश्चितता गर्दै **"म स्वस्थ मेरो गाउँ स्वस्थ"** भन्ने नाराका साथ स्वास्थ्य सेवा सबैको पहुचमा पुऱ्याउने ब्यबस्था मिलाइनेछ ।

२. गाँउपालिका क्षेत्रमा स्थायी रुपमा बसोबास गर्ने सबै जातजातिका विपन्न वर्गका समुदायलाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्थामा कम्तिमा ८ पटक गर्भ जाँच गराई तथा सुरक्षित स्वास्थ्य संस्थामा सुत्केरी गराएमा र ३५ दिन भित्रमा सम्बन्धित वडा कार्यालयमा जन्मदर्ता गराउने आमालाई प्रोत्साहन स्वरुप **उपाध्यक्ष पोषण कार्यक्रम** लाई निरन्तरता दिईने छ ।

३. अध्यक्ष स्वास्थ्य कार्यक्रम अन्तरगत जेष्ठ नागरिक अपाङ्ग, असक्त बालबालिकाको र सुत्केरी आमाको घरघरमा महिनाको एक दिन निशुल्क स्वास्थ्य सेवा प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

४. स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने दरलाई बढाउन प्रति केन्द्रलाई साधन स्रोत सम्पन्न गराउनुका साथै २४ घण्टा सेवा प्रदानको ब्यबस्था गरिनेछ । साथै शुन्य होम डेलिभरी वडा घोषणाको अवधारणालाई अगाडि बढाइनेछ ।

५. गाउँपालिका भित्र सुत्केरी गराउन नसकेका महिलाहरुलाई जिल्ला अस्पताल सम्म निःशुल्क रुपमा पुर्याउने एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिका अन्तर्गत एक स्थानमा खोप कोल्ड सेन्टर स्थापना गरिनेछ ।

७. पूर्ण खोप दिगोपना तथा सुनिश्चिता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।



बसन्त बहादुर चलाउने
अध्यक्ष

८. डोव्रा सामुदायिक अस्पतालमा बर्थिङ सेन्टर स्थापना गरि सेवा विस्तार गरिनेछ।

९. गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा क्षयरोग खोजपड्तालको लागि AI X- ray स्क्रिनिङग शिविरलाई निरन्तरता दिइनेछ।

१०. विपन्न नागरिकहरुको स्वास्थ्य उपचारकालागि गरिने सिफारिसहरुको अभिलेखिकरण गरिने छ।

११.बहुक्षेत्रियपोषणकार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छीजन्य खाद्य बस्तुको उत्पादन,संकलन,प्रशोधन,भण्डारण बितरण तथा उपभोगमा संलग्न सबै पक्ष र तिनिहरु बिचका अन्तरसम्वन्ध बाट गाँउपालिका भरी भएका सुनौला हजार दिनका महिलाहरु र बालबालिकाहरुको कुपोषणको स्थितिमा सुधार गर्न शाँखागत बिभिन्न सचेतनामुलक तथा अनुदान मुखी कृयाकलापहरु संचालन गरिने छ।

१२.बिद्यालयमा अध्ययनरत छात्राहरुमा आइरन फोलिक एसिड तथा महिनाबारीका कारण करिब ४९ प्रतिशत किसोरीहरु रक्तअल्पताबाट ग्रसित भएको अवस्थालाई मध्यनजर गर्दै बिद्यालयमा बिभिन्न सचेतनामुलक कृयाकलापहरु तथा तालिम हरु संचालन गरिनेछ।

१३.यस गाँउपालिकामा बिभिन्न कारणले हुने ख्याउटेपन,पुड्कोपन तथा होचोपनको समस्याहरुलाइ मध्यनजर गर्दै कुपोषणको चक्र बिस्थापित गर्नका लागि गर्भवति भेला तथा सम्मान,स्वच्छ बच्चा प्रतियोगिता तथा पोषण स्थिति चेकजाँच गरिनेछ भने आवश्यक परामर्श तथा सचेतना प्रदान गरिनेछ।

१४.सुनौला हजार दिनका बिपन्न महिलाहरुमा लागि ब्यबसायमा जिबिकोपार्जनका लागि बिपन्न महिलाहरुलाई अनुदान प्रदान गरिनेछ।

१५.बहुक्षेत्रिय पोषण कार्यक्रमले सुरक्षित खानेपानीको पहुचँ तथा सरसफाइमा सुधार गर्ने कृयाकलापहरुमा जोड दिइनेछ।साथै हरेक नागरिकले स्वच्छ र सफा पानी पिउने र सरसफाइ सुबिधाको उपलब्धतता एबम् उपभोगको सुनिश्चितता प्रवद्धन गरी सबै किसिमको कुपोषण अन्तको लागि पहल गरिनेछ।

१६.नेपालमा हाल पाच बर्ष मुनिका बालबालिकाहरुमा पुड्कोपना २५,ख्याउटेपन १९ र कम तौल ८ प्रतिशत रहेको छ।उक्त सम्बस्यालाई दिगो बिकास लक्ष्य २०३० ले लिएको लक्ष्य प्राप्तको लागि बिभिन्न पोषण मैत्री कृयाकलापहरु संचालन गरिने छ।

१७.वडाहरु लाई पोषण मैत्री वडा घोषणा हुदै गाँउपालिका पोषण मैत्री घोषणा अभियान संचालन गरिनेछ।

**ङ. खानेपानी तथा सरसफाई**

१.पालिका भित्र **एक घर एक धारा** को नीतिलाई निरन्तरता दिदै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनासंगको साझेदारीमा थप खानेपानी, र बहुउपयोगी योजनाहरु निर्माण गर्ने नीति लिईएको छ।



अध्यक्ष

२. **"योजनाको नियमित मर्मत सम्भार, दीगोपनाको आधार"** भन्ने मूँल मर्मका साथ खानेपानी ,सिचाई ,बहुउपयोगी योजनाहरुको दिगो सञ्चालनका लागि गाउँपालिका स्तरीय मर्मत सम्भार व्यवस्थापन निर्देशिकाको कार्यान्वयन गरि गाउपालिका स्तरीय मर्मत सम्भार कोष स्थापना गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**३."खानेपानी योजना हाम्रो हो, नियमित मर्मत सम्भार गर्नु राम्रो हो"** भन्ने अभियानलाई आत्मसाथ गर्दै यस गाउँपालिका भित्र सम्पन्न भएका योजनाहरुको दिगो व्यवस्थापनको लागि योजना मर्मत सम्भार कोषको स्थापना गरी पालिका स्तरिय उपभोक्ता समिति सञ्जाललाई क्रियाशिल गराईने छ ।

४.खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिलाई प्रभावकारी बनाउँदै जलउपयोगको लागि निर्माण गरिएका कानुनहरुको कार्यान्वयन समयानुकूल परिमार्जन गरी नयाँ कानुनहरुको निर्माण गरिनेछ ।

५. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग खानेपानी तथा सरसफाई, जिविकोपार्जन, विपद व्यवस्थापन र जलवायू अनुकुलन सम्बन्धि साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

## आयुर्वेद शाखा

१) आयुर्वेद चिकित्सा सेवालाई थप निरन्तरता दिन तथा प्रभावकारी बनाउन आयुर्वेद शाखामा **अत्यावश्यक आयुर्वेद औषधिको आपुर्तिको** व्यवस्था गरिनेछ।

२) **जेष्ठ नागरिकहरुको** नियमित रुपमा जीर्णहुदै गईरहेको स्वास्थयलाई वल तथा वातवर्धक आयुर्वेद औषधीको र **स्तनपायी महिलाको स्वास्थ्यलाई** स्तन्यवर्धक आयुर्वेद औषधीको माध्यमवाट संरक्षण र संम्बर्धन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

३) आयुर्वेद औषधालयको विभिन्न सेवाको पहुचवाट टाढा रहेका गाँउ /टोल /वस्तीमा नियमित रुपमा **गाँउघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन** कार्यक्रमको माध्यमवाट सेवा प्रदान गर्न आवश्यक प्रवन्ध गरिनेछ।

४) स्थानिय रुपमा पाईने वहुमुल्य आयुर्वेदीय **जडीवुटीहरुको लगत संकलन तथा प्रशोधन गरी** औषधी निर्माण गर्न छलफल तथा अध्ययन गर्ने काम अगाडी बढाईनेछ।

५) हालको वर्षमा विश्वव्यापी रुपमा वढदै गईरहेको योगको प्रचलनलाई मध्येनजर राख्दै तथा **योग तथा योग सम्वन्धी** क्रियाकलापहरुलाई विद्ययालय स्तरवाट लागु गर्न जोड दिईनेछ।

६) **नागरिक स्वस्थ समाज र स्वस्थ जीवन भन्ने** अवधारणालाई सकार पार्न **नागरिक आरोग्य कार्यक्रम** अन्तर्गत गाँउपालिकाका प्रत्येक वडामा गठन भएको नागरिक आरोग्य समुहलाई सकृय वनाई प्रत्येक गाँउ देखी टोलसम्म थप नागरिक आरोग्य समुहहरुको गठन गरिनेछ तथा सो कार्यक्रमको माध्यमले स्वस्थ जीवनशैलीको बारेमा नागरिकहरुलाई अनुभुति गराई मेरो स्वास्थय मेरो जिम्मेवारी , निरोगी नेपाल अभियान मार्फत नागरिकहरुको स्वास्थयलाई संरक्षण र संम्बर्धन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

## २. आर्थिक विकास

यस छविसपाथिभेरा गाउँपालिकामा रहेका कृषकहरुलाई आयआर्जनका क्रियाकलापहरुबाट आत्मनिर्भर बनाइ रोजगार सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यक भएको देखिएकोले बजार व्यावशाय कृषि पशुपालन फलफुल कुखुरा पालन एवम् पकेट क्षेत्र सीप विकास तालिम उन्नत सहकारी सिचाई र एक गाउँ

एक उत्पादनको कार्यक्रम आवश्यक रहेको छ । त्यसैले आर्थिक विकासको लागि आवश्यक पर्ने रकम विनियोजना गर्ने गरी निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

**क. कृषि तथा पशुपन्छी**

**१.एकगाउँ एक उत्पादन कार्यक्रम** संञ्चालनको लागि थप सम्भाब्यता अध्ययन गरि कार्यक्रम संञ्चालन गरिने छ । टोल तथा वडा लाइ पकेट क्षेत्रको रुपमा बिकास गरि उत्पादनका कार्यक्रम संञ्चालन गरिने छन् । एक टोल एक उत्पादन कार्यक्रम अर्न्तगत मसला खेती कार्यक्रम संञ्चालन गरिने छ।

२.**"कृषिउत्पादनमा बृध्दि,गाउँपालिकाको समृध्दी"** नारा अनुरुप कृषि क्षेत्र लाई बिशिष्टिकरण , आधुनिकिकरण ,यान्त्रिकिकरण र व्यवसायीकरण गर्दै उत्पादन तथा उत्पादकत्व बृध्दि गरिने छ

३. कृषि उपजको बजारिकरणलाइ टेवा पुर्याउन कृषकको उपजलाई बजार सम्म लैजानका लागि आबश्यक सहयोग गर्ने निति लिइने छ।

४. कृषकको मागका आधारमा भूगोल र हावापानी सुहाउँदो फलफूल बगैचा स्थापना ,तरकारी खेती,रैथाने बाली प्रबर्ध्दन गर्न बिभिन्न साँझेदार निकायहरु सँगको साँझेदारीमा पकेट कार्यक्रम सञ्चालन गरिने निती लिइने छ ।

५.एकल,महिला,दलित सिमान्तकृत बर्गमा पोषणको पहुँच पुर्याउन यस गाउँपालिकाको बिभिन्न स्थानमा कृषक पोषण पाठशाला संञ्चालन गरिने निति लिइने छ ।

६.माटोको गुणस्तर बृध्दि गर्न प्राङ्गारिक मलको प्रयोग र बिषादीको प्रयोगलाइ न्यूनिकरण गर्न सचेतना कार्यक्रम संञ्चालन गर्ने निति लिइने छ ।

७. **"गोठ र खेतमा प्राबिधिक सेवा,उत्पादनमा टेवा"** भन्ने नारालाई आत्मसाथ गर्दै प्रत्येक किसानको घरखेतमा सेवा प्रदान गर्न कृषि तथा पशु प्राबिधिकहरुलाई परिचालन गर्ने निति अबलम्बन गरिने छ ।

८.बिभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरु सँग समन्वय तथा सहकार्य गरि कृषि क्षेत्रको बिकास का लागि कार्यक्रम संञ्चलान गरिने निति लिइनेछ ।

**९."हाम्रो उत्पादन, हाम्रो स्वाभिमान,रैथाने बाली उत्पादन तथा प्रबर्ध्दन"** अर्न्तगत रैथाने बाली (मार्सिधान,कोदो,कागुनो,जौं,फापर,भाङ्गो,सिलाम)को उत्पादन संरक्षण र प्रबर्ध्दन गर्दै उत्पादन उपभोग र बजारिकरण लाइ जोड दिइने छ ।

**१०."कृषिपरिवर्तनको आधार,उन्नत प्रबिधि र पूर्वाधार"** नारालाई आत्मसाथ गर्दै कृषिमा यान्त्रिकिकरण गरि कृषिजन्य बस्तुको ब्यबसायिक उत्पादन गर्न आबश्यक प्रबिधि,यन्त्र उपकरणहरु अनुदानमा बितरण गरिनेछ । साथै बितरण गरिएका कृषि यन्त्र उपकरणहरुको मर्मत सम्भारका लागि दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले सिपमूलक तालिम संञ्चालन गर्ने ब्यबस्था मिलाइने छ ।

११. उच्च मुल्य तथा महत्वका फलफूल तरकारी मसला दलहन तथा तेलहन बालीको उत्पादन तथा प्रबर्ध्दन गर्न सम्भाब्यताको आधारमा कार्यक्रम संचालन गरिने छन्।

१२. यस गाउँपालिका भित्र परम्परागत रुपमा मौरीपालन गर्दै आएका कृषकहरुलाइ आबश्यक तालिम तथा गोला सहितको आधुनिक घार ५०% अनुदानमा उपलब्ध गराउने निति लिइने छ। साथै मौरीपालन ब्यबसाय गरिरहेका कृषकहरुलाइ तोरी,सूर्यमुखि बालीको बीउ निशुल्क उपलब्ध गराइने छ। मौरीपालन ब्यबसाय संञ्चालन हुने स्थानहरुमा बिषादी प्रयोगमा न्यूनिकरण गरिने छ।

१३. भौतिक तथा बातावरणिय दृष्टीकोणले उपयुक्त तरकारी तथा फलफूल बालीको उत्पादन तथा उत्पादकतव बृध्दी गर्ने निती लिइनेछ। उत्पादनलाइ बजार सम्म जोड्नका लागि गाउँपालका बाट संञ्चालित कृषि एम्बुलेन्स मार्फत् निशुल्क ढुवानीको ब्यबस्था मिलाइने छ। छबिसपाथिभेरा गाउँपालिकामा भट्मास प्रसस्त पाइने भएको हुँदा भटमास प्रशोधन गरि तेल उत्पादन गर्नका लागि मेसिन तथा उपकरणको लागतका लागि अध्ययन गर्ने व्यवस्था मिलाइने छ।

१४.कृषि शाखा तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनासंगको साझेदारीमा विभिन्न क्षमता विकास तथा अभियानात्मक क्रियाकलापहरु संञ्चालन गरिने छ।

१५. गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन **"आफ्नो बारी आफैलाई तरकारी"** कार्यक्रम संचालनमा ल्याईनेछ।

**उद्योग तथा पर्यटन**

१. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।
२. लगानी मैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।
३. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थलको संरक्षण प्रवर्धन तथा प्रचार प्रसार गर्न पहल गरिनेछ।
४. स्थानीय कच्चा पदार्थबाट उत्पादन गर्ने साना उद्योगहरुलाई उत्पादन स्थल सम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुँच पुऱ्याइनेछ।
५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संञ्चालन गरिनेछ।
६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक, पदमार्ग जस्ता भौतिक संरचना निर्माण गर्न पहल गरिनेछ।
७. जमयपृथ्वी बहादुर सिंहको स्मृतिमा यस गाउँपालिका अन्तर्गत वडा न २ मा जयपृथ्वी बहादुर सिंह संग्राहलय निर्माणको लागि आवश्यक पहल गरिने छ।

**सहकारी तथा रोजगार प्रर्वद्धन**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमन लाई प्रभावकारी तुल्याइने छ।
२. उत्पादन मूलक सहकारीहरुको स्थापना गरिएमा विंउपूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीतिलाई निरन्तरता दिइएको छ।



नरेन्द्र बहादुर चलाउने
अध्यक्ष

३. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

४. **"श्रमलाई सम्मान छविसपाथिभेरको अभियान"** भन्ने नाराका साथ गाउँपालिकाका विकास निर्माणका आयोजनाहरुमा यस गाउँपालिकाका बेरोजगारको सुचिमा सुचिकृत वेरोजगारहरूलाई काममा अनिवार्य लगाउनु पर्ने निती अवलम्बन गरिनेछ ।

५. **"गाउँमै कमाउने गाउँमै रमाउने"** वातावरण सृजना गरि युवा स्वरोजगार कार्यक्रमलाई अगाडी बढाईने छ ।

६. **"अध्यक्ष स्वयम सेवक कार्यक्रम"** मार्फत दक्ष जनशक्ति तयार पारी स्वास्थ्य शिक्षा कृषि पशु सरसफाई र विपद जस्ता क्षेत्रहरुमा युवा परिचालन गरिने छ ।

७. वेरोजगार यूवा यूवतिहरुका लागि एकिकृत रुपमा रोजगारमुलक शिपमुलक तालिम सञ्चालन गरि दक्ष र सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको पर्वद्धन र विस्तार गर्ने नीतिको अवलम्बन गरिनेछ ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीकालागि रुपान्तरण पहल आयोजनासंग साझेदारी गरि बढी भन्दा बढी बेरोजगारलाई रोजगारीमा सहभागी गराउन **"अध्यक्ष रोजगार कार्यक्रम"** संञ्चालन गरिने छ ।

९. बैदेशिक रोजगारीबाट फर्किएका रोजगारी गुमाएका युवाहरुलाई उधमशीलता विकास गराउन बिउँ पूजी उपलब्ध गराउने गरि आवश्यक ब्यबस्था गरिनेछ ।

१०. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु कामदारको घरपरिवारका सदस्यलाई प्रदान गरिने औषधी उपचार सहयोग छात्रवृति सहायता उद्धार तथा खोजतलास सेवा कानुनी प्रतिरक्षा सहायता हकवालालाई आर्थिक सहायता प्रदान गर्ने विरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारकालागि आर्थिक सहायता आदि सेवाहरु रोजगार सेवा केन्द्रबाट संञ्चालन गरिनेछ ।

११. स्थानीय रोजगारदाताको तथ्याङ्क संकलन गरिनेछ रोजगारदाताको आवश्यकतामा आधारित सीप तथा तालिम संञ्चालन गर्ने नीति लिईनेछ ।

## ३. सुशासन तथा संस्थागत विकास

गाउँकार्यपालिका कार्यालयका कर्मचारी जनप्रतिनिधि नागरिक समाज विकास साझेदार गैरसरकारी संस्थासंगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरि उक्त कार्य गर्न निम्न निती र कार्यक्रम अख्तियार गरिएको छ ।

१. गाउँपालिका भित्र रहेका स्रोतसाधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक, आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश हुनेगरी विद्युतीय स्थानीयतह पार्श्वचित्र तयार गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछर्यौट गर्नेकार्यलाई निरन्तरता दिइने छ ।

३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

४. गाउँपालिका सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

५. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचय पत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछन् ।

६. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ ।

७. गाउँपालिका क्षेत्रभित्रबाट प्रकाशित हुने स्थानीय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

८. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।

९. न्यायिक समितिको अधिकारक्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

१०. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु निरन्तरता दिईने छ ।

११. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालन लाई थप व्यवस्थित तुल्याइनेछ ।

१३. करको दर सम्भव भए सम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ साथै प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बीच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ ।

१४. ढुंगा,गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै उत्खनन गरी बिक्री गर्ने विधिलाई निरन्तरता दिईने छ ।

१५. करदाताहरुको अभिलेखीकरण कार्यलाइ व्यवस्थित र सुदृढ गर्दै लगिने छ ।

१६. करको दरमा सामुहिक पुनरावलोकन गरी दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारिता ल्याइने छ, आवश्यकता अनुसार अनुगमन तथा संकलन कार्यका लागि टोली गठन गरी परिचालन गरिने छ ।

१७. न्यायिक समितिबाट मुद्दा ममिलाहरुको सुनुवाई, सहजिकरण,फैसला गर्ने कार्य नियमित रुपमा गरिनेछ । न्यायिक समितिका सबै गतिविधिहरुलाई प्रभावकारी रुपमा अभिलेखिकरण गरिनेछ । वडा स्तरमा मेलमिलापकर्ता मार्फत विवाद सहजिकरण गरिनेछ ।

१८. सामुदायिक मेलमिलापकेन्द्रलाई व्यवस्थित बनाउदै सबै वडा कार्यालयहरुमा स्थापना भइ सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरु लाई स्तरोन्नति गरी विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

१९. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार, दण्ड र करार नवीकरण गर्ने पद्धति अवलम्बन गरिनेछ। सबै कार्यालयमा ई हाजिरीलाई अनिवार्य गरी सोही रेकर्डको आधारमा तलब भत्ता भुक्तानी गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ।

२०. गाउँपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवामा जनउत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण,गुनासो व्यवस्थापन लगायतका सुशासनका औजारहरुको प्रभावकारी प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२१. वडा भित्रको सार्वजनिक सम्पति, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको संरक्षण, सम्बर्द्धन तथा अभिलेखीकरण गर्ने कार्य सम्बन्धित वडा कार्यालयहरुवाट नै गर्ने व्यवस्था गरिनेछ।

२२.अन्तर सम्बन्धित विषयहरूमा नेपाल सरकार, प्रदेश सरकार र छिमेकी स्थानीय तह, जिल्ला समन्वय समिति तथा गैर सरकारी निकायसँग समेत आवश्यक समन्वय र सहकार्यको नीति अवलम्बन गरिनेछ।

**४. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

विपद रोकथाम तथा न्यूनिकरणका लागि पूर्व तयारी प्रतिकार्य र पूर्नलाभका कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय विपद कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ। विपद व्यवस्थापनका लागि थप आवश्यक कार्य समेत गरिने भएको छ।

१. **जहाँ बिपद् त्यहाँ छविसपाथिभेरा** को अवधारणालाई आत्मसाथ गर्दै गाउँपालिका विपद् कोष स्थापना गरी सञ्चालनमा ल्याईने छ र बिभिन्न संघ संस्थाहरुसंग समन्वय सहकार्य गरी थप बजेटको लागि पहल गरिनेछ।

२. गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायाँ बायाँ हरियाली एवम् सौन्दर्य बढाउन वृक्षारोपण र संरक्षणका कार्यक्रमहरु अगाडी बढाइनेछ।

३. वैज्ञानिक पद्धतिबाट बनजंगलको संरक्षण तथा सुकेका पानीका मुहानहरु पुर्नजिवित गर्नका लागि प्राकृतिक स्रोत संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालाई प्राथमिकता दिइनेछ र केहि विशेष क्षेत्रलाई छनौट गरी जलाधार संरक्षण क्षेत्र नमुनाको रुपमा अगाडी बढाइनेछ।

४. स्थानीय तथा वडा स्तरका विपद् जोखिम् समितिहरु मार्फत बिपद् जोखिमका लागि आपतकालिन उद्धार तथा आपतकालिन तालिम सञ्चालन तथा आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिने छ।

५. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

६. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्नुको साथै



बसन्त बहादुर चलाउने
अध्यक्ष

न्यून हरितग्याँस उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदानप्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ ।

७. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

८. **वातावरण संरक्षण र हरियालि प्रवर्द्धनका लागि सबै संगसंगै** को सामुहिक भावनाका साथ व्यवसायीक सामाजिक उत्तरदायित्व अन्तर्गत स्वच्छ वातावरण र हरियालि प्रवर्द्धन गर्न नीजि क्षेत्र तथा व्यवसायीक संघ संस्थासंग समन्वय र सहकार्य गरिने छ ।

९. **वातावरणमैत्री शासन, सबैको भर, सफा र स्वच्छ हाम्रो गाउँघर** को नाराका साथ प्लाष्टिक झोला प्रयोगको नियन्त्रण गरि वातावरणमैत्री स्थानीय नीति निर्माण गरि वडा तथा पालिकालाई वातावरणमैत्री घोषणा गरिनेछ ।

१०. **एक बोट भविष्यको नोट** भन्ने नाराका साथ गाउँपालिकामा हरियाली अभियान संञ्चालन गरिनेछ ।

११.सामुदायिक तथा कबुलियती वनको कार्ययोजनाहरु नवीकरण गरि सो वनमा संरक्षण, सम्वर्द्धन तथा सदुपयोगका क्रियाकलापहरु साझेदार संस्थाहरूसंगको साझेदारी गरिने छ।

१३.वनमा हुने आगोलागी र वन जंगल तथा भीर पाखामा लाग्ने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदुषण रोक्न विभिन्न सूचना शिक्षा तथा संचार सामग्री विकास गर्नुका साथै सम्बन्धित सरोकारवालाहरुको समन्वयमा वन डढेलो नियन्त्रणका कार्यक्रमहरू संचालन गरिनेछन्।

१४.सामुदायिक वन उपभोक्ता समितिहरूसंग सहकार्य गरि वन विनास कार्य रोकथाम गरिनेछ ।

१५. चरिचरण नियन्त्रण तथा प्राकृतिक पुनर्उत्पादन संरक्षणका निमित्त कार्यक्रमहरु संचालन गरिने छ।

१६. पालिकाका विभिन्न क्षेत्रमा बृक्षारोपणका लागि आवश्यक बिरुवा उत्पादनका लागि बहुउद्देशीय नर्सरी स्थापना गरिनेछ।

## ६. भौतिक पूर्वाधार विकास

गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट विनियोजन गरि अधुरा आयोजनाको निरन्तरता र नयाँ आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

१. आवधिक योजना,आवास योजना, र बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि आवश्यक समपुरक कोष मर्मत सम्भार कोष तथा आकस्मिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पूर्वाधारको स्तर वृद्धिका लागि बजेटको व्यवस्था तथा सडकहरुको स्तरउन्नति गर्दै लगिने नीति लिइनेछ ।

३. गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिनेछ र डि पि आर अनुसारको योजनाको कार्यलाई अघि बढाइ दिगो विकासको लक्ष्यलाई अवलम्बन् गरि योजना निर्माणमा विशेष ध्यान दिइनेछ ।

४. गाउँपालिका अन्तर्गत भूक्ष्य नहुने किसिमले सडकका साथै अन्य विकास निर्माणका कार्यमा जोड दिइ वायो इन्जिनिङ्ग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

५. गाउँपालिका भित्रका विजुली बत्ती नपुगेका गाउँ बस्तीहरुलाई विजुली बत्ती पुर्याउन उच्च प्राथमिकता दिइ आगामी एक बर्ष भित्र गाउँपालिकालाई उज्यालोयूक्त गाउँपालिका घोषणा गरिनेछ।

६. विषेशतः ठुला पूर्वाधार योजना र गाउँपालिकाका गौरवका योजनाहरु प्रदेश सरकार र संघीय सरकारको आर्थिक सहयोगमा साझेदारी नीति अप्नाइ अगाडी बढाइनेछ।

७. पूर्वाधार निर्माणका आयोजनाहरु संञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका तथा अविकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजनाबैंक" तयार गरिनेछ। सो योजना बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

८. सबै टोल बस्तीहरुमा मोटरबाटो जोड्न गाउँपालिका सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

९. गाउँपालिका क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने नीति लिइनेछ। आवासीय भवनमा "एकघर-एकविरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१०. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

११. प्रभावकारी सम्पति व्यवस्थापनका लागि तयार भएको सफ्टवेयर **सम्पति व्यवस्था सूचना प्रणाली**को प्रयोगलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।

१२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

१३. कृषि,सिँचाई,गरिबी निवारण तथा पर्यटन प्रवर्द्धनसम्बन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

१४. गाउँलाई गाउँशहर बनाउने योजना तयार गर्नका लागि बिभिन्न ग्रामीण बस्ती विज्ञहरुको सेवा परामर्श सहयोग लिइनेछ।

१५. गाउपालिका भित्रका पूर्वाधार तयार गर्दा बालमैत्री, अपाङ्गमैत्री,महिलामैत्री संरचनामा जोड दिइने छ।

१६. गाउँपालिकालाई योजनावद्ध विकास र समृद्धि प्राप्तिको दिशामा डोऱ्याउन अल्पकालिन, मध्यकालिन र दिर्घकालीन लक्ष्य सहितको योजनाहरु तयार गरी विगतको अभ्यासमा रहेका टुक्रे योजनाहरुमा बजेट विनियोजन गर्ने परम्पराको न्यूनीकरण गर्दै पुर्वाधार विकासमा केही ठुला तथा दिर्घकालिन प्रभाव पार्ने योजनाहरु छनौटमा जोड दिइनेछ।

अन्त्यमा,

आर्थिक वर्ष २०८२।०८३ को लागि प्रस्तावित नीति कार्यक्रमले "**कृषि,स्वास्थ्य,शिक्षा र गुणस्तरीय पूर्वाधार, समृद्ध छविसपाथिभेराको आधार**" निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन सम्बन्धित सबैको महत्वपूर्ण योगदान रहने मेरो विश्वास छ।

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्धि भई स्वाधीन, सवल समाज निर्माण गर्न योगदान पुग्नेछ। नागरिकको गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्यमा पहुँच वृद्धिसँगै सेवा प्रवाहमा सारभूत परिवर्तन भई जनतामा स्थानीय सरकार प्रतिको विश्वासमा बढोत्तरी हुने अपेक्षा लिएको छु।

छबिसपाथिभेरा गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यू, सभाका सदस्य ज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। विभिन्न माध्यमबाट राय सुझाव दिनु हुने महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी नीति तथा कार्यक्रम तर्जुमाको दौरानमा महत्वपुर्ण सहयोग गर्नुहुने गाउँसभा सचिवालय, विषयगत शाखा प्रमुख, सम्पूर्ण वडा सचिव लगायत व्यवस्थापकीय सहयोग पर्याउनु हुने सम्पूर्ण कर्मचारी तथा समस्त गाउँपालिका परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

बसन्त बहादुर चलाउने
अध्यक्ष

लक्ष्मिन बोहरा
गाउँपालिका उपाध्यक्ष

.............................

लछिमन बोहरा

उपाध्यक्ष